प्रस्तावहरु:

१. दररेट सम्बन्धमा ।
२. बाल श्रम विरुद्ध कार्य सञ्चालन कार्यविधि
३. बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि
४. कोसेली घर सञ्चालन कार्यविधि सम्बन्धमा
५. सिटि-टेम्पु दर्ता सम्बन्धमा ।
६. शिक्षक दरबन्दी मिलान समिति गठन सम्बन्धमा ।
७. विद्यालय भवन निर्माणको लागि विद्यालय छनौट सम्बन्धमा ।
८. सडक बोर्ड नेपालका योजना छनौट सम्बन्धमा ।
९. विविध (क्लव दर्ता सम्बन्धमा) ।

निर्णयहरु:

प्रस्ताव न. १ माथि छलफल गर्दा जिल्ला दररेट निर्धारण समिति सप्तरीले आ.व. २०८१।०८२ मा जिल्लाको निर्माण सामग्री तथा ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारहरुको ज्यालाको स्वीकृत जिल्ला दररेटलाई यस नगरपालिका अन्तरगत भौतिक पुर्वाधार निर्माण कार्य सँचालनका लागि मिति २०८१ श्रावण १ गते देखी नै लागुहुने गरी सोहि दररेट लाई कायम हुने गरी सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

प्रस्ताव न. २ माथि छलफल गर्दा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र खानेपानी सुशासित, सुन्दर समृद्धि बनाउछौ हामी मुल नाराका साथ यस नगरपालिका क्षेत्रभित्र कुनै पनि निकायमा बालश्रम नरहने गरी बालश्रम विरुद्धको कार्य सञ्चालन कार्यविधि २०८१ पास गर्ने निर्णय सर्व सम्मतिबाट पारित गरियो ।

प्रस्ताव न. ३ माथि छलफल गर्दा बालबालिकाहरुको बृहतर बिकासको लागि बालअधिकार सम्बन्धी अन्तराष्टिय महासन्धिमा उल्लेख गरिएका बाल बचाउ बाल सँरक्षण बालबिकासर बाल सहभागिता बाल अधिकार सुनिश्चित गर्नका लागि बालमैत्रि स्थानिय शासन घोषणा कार्यविधि २०८१ पास गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

प्रस्ताव न. ४ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत कोसेली घर संचालन कार्य विधि २०८१ पास गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

प्रस्ताव न. ५ माथि छलफल गर्दा यस नगरपालिका भित्रका अटो तथा ई-रिक्सा सँचालन तथा ब्यस्थापन सम्बन्धि कार्यविधि २०८१ पास गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा विद्यमान तहगत शिक्षक दरबन्दी/राहत कोटाको शिक्षक विद्यार्थी अनुपातको आधारमा मिलान, न्यायउचित वितरण र समायोजनको लागि देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी शिक्षक दरबन्दी मिलान समिति गठन गर्ने निर्णय गरियो:

तपसिल

क) सा.वि.स. संयोजक श्री देवेन्द्र प्रसाद चौधरी – संयोजक
ख) वडा अध्यक्ष श्री शिव नारायण चौधरी – सदस्य

| | | |
|---|---|---|
| ग) वडा अध्यक्ष | श्री दिलाराम चौधरी | – सदस्य |
| घ) वडा अध्यक्ष | श्री छत्र बहादुर राउत | – सदस्य |
| ङ) नगर प्रवक्ता | श्री शिव दर्शन पासवान | – सदस्य |
| च) का.पा.स. | श्री शान्ती देवि मण्डल | – सदस्य |
| छ) शिक्षा अधिकृत | श्री धन वहादुर पुलामी | – सदस्य सचिव |

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को लागि शिक्षातर्फ प्राप्त शसर्त अनुदान अन्तर्गत स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माणको लागि तपसिलमा उल्लेखित विद्यालयहरु छनौट गर्ने निर्णय गरियो ।

तपसिल

क) जनता मा.वि. भेडिया, सुरुङ्गा -२

ख) मसिलाल जनता मा.वि. कुशहा, सुरुङ्गा-५

ग) मा.वि. मलहनमा, सुरुङ्गा-८

प्रस्ताव नं.८ माथि छलफल गर्दा सडक बोर्ड नेपाल अन्तगत सडक मर्मत सम्भार कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्न यस नगरपालिका अन्तगत रहेका वडा समितिका निर्णय समेत गरी ३दिन भित्र सडक मर्मत गर्नका याजना नगरपालिकामा पठाउन र सा अन्तर्गत आएका सडक मर्मतका योजनाहरू छनौट गर्न सम्पूर्ण अधिकार नगप्रमुख ज्यूलाई प्रत्यायोजन गर्ने निर्णाय गरिया ।

प्रस्ताव नं.९(क) माथि छलफल गर्दा सुरुङ्गा नगरपालिका वडा नं. ६ अन्तर्गत श्रीपुरमा रहेको श्री. सुरुङ्गा युवा क्लव दर्ताका लागि आवश्यक कागजात सहित पेश भएकोमा सुरुङ्गा नगरपालिकाको संस्था दर्ता ऐन २०७९ को दफा ४ को उपदफा ३ बमोजिम उक्त क्लव दर्ता गरि प्रमाणपत्र प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ (ख) माथि छलफल गर्दा सुरुङ्गा नगरपालिका वडा नं. १० अन्तर्गत शिशुवामा रहेको श्री शिशुवा युवा क्लव दर्ताका लागि आवश्यक कागजात सहित पेश भएकोमा सुरुङ्गा नगरपालिकाको संस्था दर्ता ऐन २०७९ को दफा ४ को उपदफा ३ बमोजिम उक्त क्लव दर्ता गरि प्रमाणपत्र प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९(ग) माथि छलफल गर्दा यसै नगरपालिका वडा नं.९ बैरबना टालके हनुमान मुर्ति निर्माणका लागि रकम रू. ४०,००० ( अक्षरेपी चालिस हजार मात्र ) दिने निर्णय सर्वसहमतीबाट पारित गरियो ।

प्रस्ताव नं.९(घ) माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र कडरबोनामा कार्यरत डा. शैलेन्द्र कुमार चौधरीलाइ अविलम्व काज फिर्ता बालाउने निर्णय पारित गरियो ।